तानसेन नगरपालिकाको नगर उप प्रमुख श्री प्रतीक्षा सिंजालीद्वारा १७ औं नगरसभामा प्रस्तुत

# आ.व. २०८२/०८३ को बजेट बक्तव्य

***नगरसभाका अध्यक्ष ज्यू,***
***नगरसभाका सदस्यज्यूहरु,***
***सल्लाहकार, राष्ट्रसेवक कर्मचारी, संचारकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरु।***

सार्वभौमसत्ता सम्पन्न जनताको संघर्षवाट भएको परिवर्तनको महत्वपूर्ण उपलव्धीको रुपमा प्राप्त नेपालको संविधानको धारा २३० बमोजिम तानसेन नगरपालिकाको उपप्रमुखको हैसियतले यस सम्मानित नगरसभामा आर्थिक वर्ष २०८२/८३ को बजेट प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु।

यस अवसरमा लोकतन्त्र प्राप्ति तथा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि समय समयमा भएका राजनीतिक आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने महान शहीदप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु। संघर्षको क्रममा घाइते, अपाङ्गता भएका व्यक्ति, बेपत्ता नागरिक लगायत सबै जनसमुदायप्रति उच्च सम्मान प्रकट गर्दछु ।

नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाउन अमूल्य उर्जावान समय दिइ योगदान पुऱ्याउने राजनीतिक तथा समाजिक अग्रज व्यक्तित्वहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु।

"समृद्धः सांस्कृतिक शहर" सहितको आवधिक योजना नगरपालिकाले स्वीकृत गरेको छ। आवधिक योजनाको लक्ष्य एवम् उद्देश्य प्राप्ति र नागरिकको जीवनमा परिवर्तन अनुभूति हुनेगरी बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु।

सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामार्फत नगरको अर्थतन्त्रलाई सुदृढ बनाउँदै उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरणमार्फत समाजवाद उन्मुख अर्थतन्त्र समृद्ध तानसेन नगरपालिका निर्माणमा सघाउ पुग्नेगरी आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गरेको छु।

तानसेन नगरपालिकाको गत आर्थिक वर्ष २०८१/०८२ को बजेट, नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग गर्नुहुने आम नगरवासी, राजनीतिक दल, जनप्रतिनिधि, सल्लाहकार, राष्ट्रसेवक, पत्रकार एवम् संचारकर्मी ,नागरिक समाज, निजी क्षेत्र लगायत सवैमा हार्दिक धन्यवाद दिन चाहन्छु। साथै आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा उहाँहरु र सरोकारवालाको राय सुझावलाई समेत आधार लिएको छु।

**सभाध्यक्ष ज्यू**
सर्वप्रथम तानसेन नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को जेष्ठ मसान्त सम्मको संक्षिप्त आय व्ययको समिक्षा प्रस्तुत गर्न चाहन्छु ।आर्थिक वर्ष २०८१/०८२ का लागि कुल रकम रु. १ अरब ५३ करोड ६० लाख ७८ हजार ६२४ आय हुने अनुमान भएकोमा जेष्ठ मसान्त सम्म कुल १ अरब ११ करोड २८ लाख १० हजार ०८० अर्थात ७२.४४ प्रतिशत आय प्राप्त भएको छ । प्राप्त भएको आय मध्ये यस अवधिमा

चालु खर्च तर्फ ६२ करोड ८० लाख ८२ हजार अनुमान गरिएकोमा ४१ करोड ६१ लाख १० हजार खर्च भएको तथा पूँजिगत तर्फ रु ९० करोड ७९ लाख ९६ हजार ५४८ अनुमान गरिएकोमा कुल ४३ करोड ३७ लाख ९८ हजार १३१ गरी कुल रु.८४ करोड ९९ लाख ०८ हजार १३२ अर्थात ५५.३२ प्रतिशत खर्च भएको छ ।
आय तर्फ यस अवधिमा आन्तरिक राजश्व ११ करोड ६७ लाख ९३ हजार १२४ आय हुने अनुमान गरिएकोमा जेष्ठ मसान्त सम्म रु.६ करोड ३५ लाख ७५ हजार ७७५ आम्दानी भइ ५४.४३ प्रतिशत आय प्राप्त भइ सकेको छ । संघ तर्फ समानीकरण अनुदान रु १५ करोड ४१ लाख आम्दानी प्राप्त हुने अनुमान प्राप्त भएकोमा जम्मा रु. १४ करोड १४ लाख ०२ हजार १६० अर्थात ९१.७६ प्रतिशत मात्र प्राप्त भएको छ । समपुरक अनुदान तर्फ १ करोड ०५ लाख प्राप्त हुने सिलिङ्ग प्राप्त भएकोमा हाल ३४ लाख ९९ हजार ६५० निकासा भएको छ। त्यसै गरी सशर्त अनुदान तर्फ ८१ करोड १७ लाखको ७८ हजार ५ सय सिलिङ्ग प्राप्त भएकोमा ७२ करोड ४५ लाख ७३ हजार १ सय २५ प्राप्त भएको छ ।

राजश्व वाँडफाँडमा रु १२ करोड २८ लाख सिलिङ्ग प्राप्त भएकोमा ९ करोड ५३ लाख ६७ हजार ७८० प्राप्त भएको छ । त्यसै गरी लुम्बिनी प्रदेश सरकारवाट समानीकरण अनुदान तर्फ रु १ करोड ०९ लाख १३ हजारको सिलिङ्ग प्राप्त भएकोमा १ करोड ०९ लाख १३ हजार गरी प्राप्त भएको छ । सशर्त अनुदान तर्फ १ करोड ११ लाख ५० हजारको अनुमान गरिएकोमा ५० लाख ६३ हजार ८ सय २६ प्राप्त भएको छ । राजश्व वाँडफाँड तर्फ ९३ लाख २ हजार २४१ प्राप्त हुनेमा ७७ लाख ८० हजार ५९८ मात्र प्राप्त भएको छ। संघ तथा प्रदेशबाट प्राप्त हुने समानीकरण अनुदान, राजश्व वाँडफाँड तथा सशर्त अनुदान समेत परिवर्तन हुने अवस्थाका कारण कार्यक्रम तथा योजनाको भुक्तानी दिने दायित्व बढ्ने सम्भावना देखिएको छ ।

**सभाध्यक्ष ज्यू**

अव म आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तयार गर्दाका आधारहरु पेश गर्दछु ।
आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, संघ तथा प्रदेश कानूनहरु र लिएका नीति, कार्यक्रम र बजेट बक्तव्य, दिगो विकासका लक्ष्य, नेपाल सरकारको १६ औ आवधिक योजना, तानसेन नगरपालिकाको आवधिक नगर विकास योजना (२०८१/८२-२०८५/८६) र नगरपालिकाको नीति तथा कार्यक्रम, विभिन्न राजनीतिक दल, जनप्रतिनिधि, स्थानीय बुद्धिजीवी, समाजसेवी एवं विकास विज्ञहरुको राय सल्लाह सुझाव समेतलाई मूल आधारका रुपमा लिइएको जानकारी गराउँदछु।

**बजेट तथा कार्यक्रमका उद्देश्यहरु :**

**सभाध्यक्ष ज्यू,**

आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटका उद्देश्यहरु निम्नानुसार रहेको जानकारी गराउछु:

१.कृषिको व्यवसायिकरण तथा उत्पादन, उत्पादकत्व बृद्धि र पर्यटन विकास मार्फत रोजगारी सृजना गर्ने र गरीबी न्यूनिकरण गर्दै जीवनस्तर सुधार गर्ने,

२.सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित गर्दै विकासमा साझेदार वनाउन प्रेरित गर्ने,

३.नगरबासीको न्यूनतम आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्ने,
४.उपलब्ध स्रोत र साधनको अधिकतम प्रयोग गर्ने,
५.समाजवाद उन्मुख आत्मनिर्भर समाज निर्माण गर्न सहयोग पुरयाउने,
६.बजेट, नीति तथा कार्यक्रमलाई दिगो विकास लक्ष्यसंग तादम्यता कायम गर्ने,
६.सार्वजनिक खर्चमा पारदर्शिता, मितव्ययिता र उत्तरदायित्व पालना गराउदै वित्तीय अनुशासन र सुशासन कायम गर्ने,

**सभाध्यक्ष ज्यू,**
अव म आगामी आर्थिक वर्षको बजेटका प्राथमिकताहरु पेश गर्न चाहन्छु ।
आगामी वर्षको बजेट तर्जुमा गर्दा निम्न विषयहरु प्राथमिकतामा राखी बजेट विनियोजन गरेको छु ।

क. कृषि क्षेत्रको व्यवसायीकरण, बजारीकरण र आधुनिकीकरण
ख. शिक्षामा गुणात्मक विकास
ग. आय आर्जन र स्वरोजगार
घ. पूर्वाधार विकास र पुंजी निर्माण
ङ. सार्वजनिक सेवा प्रवाह र सुशासन
च. मानव संसाधन विकास
छ. वातावरण संरक्षण र विपद् व्यवस्थापन

**सभाध्यक्ष ज्यू,**
अब म आर्थिक वर्ष २०८२/०८३ को क्षेत्रगत विषय बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु:

**क.आर्थिक विकास**
बाझो जग्गामा खेती गर्न इच्छुक कृषकलाई प्रोत्साहन गर्नको लागि बाझो जग्गामा उत्पादन कार्यक्रमको लागि रु.२० लाख बिनियोजन गरेको छु ।कृषकको समस्यालाई स्थानीय स्तरमा नै सम्बोधन गर्नको लागि किसानसँग नगरप्रमुख कार्यक्रमको लागि रु. २४ लाख बजेट बिनियोजन गरेको छु ।
दुग्ध उत्पादक कृषकलाई उत्पादन कार्यमा निरन्तरता दिन सहुलियत कार्यक्रम अन्तर्गत प्रतिलिटर रु.२ अनुदान प्रदान गर्न रु.८ लाख बिनियोजन गरेको छु ।
नवप्रवर्द्धन कार्यक्रम मार्फत स्थानीयस्तरमा उद्यमशीलता सहित पर्यटन प्रवर्द्धनको लागि लुम्बिनी प्रदेशसँगको साझेदारीमा रु.२ करोड बिनियोजन गरेको छु ।
साहसिक खेलमार्फत युवा सहभागिता अभिबृद्धिका साथै पर्यटन सँग युवा कार्यक्रम अन्तर्गत साहसिक साईक्लिङ्ग लगायतका कार्यक्रमको लागि रु. २० लाख बिनियोजन गरेको छु । कृषि पर्यटन रोजगार मेला कार्यक्रमलाई यस बर्ष पनि निरन्तरता दिन रु.१० लाख बिनियोजन गरेको छु ।
**आर्थिक बिकास क्षेत्र अन्तर्गतका कार्यक्रम संचालन गर्न कुल रु.८ करोड ८४ लाख ४६ बजेट बिनियोजन गरेको छु ।**

**ख. सामाजिक विकास**

स्वास्थ्य क्षेत्रको पूर्वाधार निर्माणको लागि एकीकृत स्वास्थ्य तथा सरसफाई कार्यक्रम अन्तर्गत ३ वटा स्वास्थ्य ईकाइ पूर्वाधार मर्मतको लागि रु.३० लाख बजेट बिनियोजन गरेको छु ।गर्भवती, सुत्केरी, आमा र बच्चाको लागि पोषणको अभाब नदिनको लागि उपप्रमुख सँग गर्भवती सुत्केरी स्वास्थ्य बिमा कार्यक्रम र सुत्केरी पोषण कार्यक्रमलाई निरन्तरता दिइ सोको लागि रु.७ लाख ५० हजार बिनियोजन गरेको छु ।

संघीय सरकारको नीति अनुसार महिला शिक्षक प्रसुति बिदामा बसेको अवधिमा विद्यार्थीहरुको अध्ययनलाई निरन्तरता दिनेगरी प्रसुति सट्टा शिक्षक व्यवस्थापन गर्नको लागि रु.१० लाख बिनियोजन गरेको छु ।

छोरी शिक्षा छात्रवृत्ती कार्यक्रमलाई यस आर्थिक बर्षमा निरन्तरता दिइ सो को लागि रु.२३ लाख ५० हजार बिनियोजन गरेको छु ।

विद्यालयमा आधारित विपद् जोखिम न्यूनीकरण श्रोत केन्द्र स्थापना तथा सञ्चालन कार्यक्रमको यस बर्ष बाट शुरुवात गरिएको छ यसको लागि रु.१५ लाख बजेट बिनियोजन गरेको छु ।

"स्वास्थका लागि खेलकुद राष्ट्रका लागि खेलकुद" भन्ने राष्ट्रिय नारालाई सार्थक पार्नको लागि फुटवल भलिवल क्रिकेट व्याडमिन्टन लगायत विद्यालय स्तरीय खेलकुद तथा अपाङ्गता भएका व्यक्तिहरुको लागि खेलकुद प्रतियोगित सञ्चालन तथा निरन्तरता दिदै उल्लेखित प्रतियोगिताका लागि रु.४४ लाख बिनियोजन गरेको छु ।

लक्षित समुह अन्तर्गत महिला, बालबालिका, ज्येष्ठनागरिक, दलित, आदिवासी-जनजाती, द्वन्द्वपीडित, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति तथा समूहको आयआर्जन तथा क्षमता बिकास कार्यक्रमको लागि रु.३३ लाख बिनियोजन गरेको छु । 'ग' बर्गका अपाङ्ग भएका ब्यक्तिका लागि प्रदान गरेको सामाजिक सुरक्षा भत्ता लाई निरन्तरता दिइ रु. ५ लाख बिनियोजन गरेको छु ।

परपूर्वकाल देखि चलिरहेका विभिन्न जात्रानै तानसेनको पहिचान रहेकोले कला संस्कृति जात्रा सम्पदा संरक्षण तथा प्रोत्साहनको लागि रु. ७ लाख बिनियोजन गरेको छु ।

**समग्र सामाजिक विकास क्षेत्रका कार्यक्रम संचालन गर्न कुल रु. ४९ करोड १५ लाख ४८ हजार बिनियोजन गरेको छु ।**

**ग .भौतिक पूर्वाधार विकास**

शहरी शासकीय क्षमता बिकास कार्यक्रम अन्तर्गत डुम्रेखोला- सुन्डाँडा- तेल्घा- गुफाचौर- गाउँडाडा- सल्लाघारी हुलुङ्गदी सडक स्तरोन्नति कार्यका लागि रु. २७ करोड ८२ लाख बजेट बिनियोजन गरेको छु ।

बस्ती बिकास कार्यक्रम अन्तर्गत तानसेन नगरपालिकाको विभिन्न वडाहरुमा सडक, भवन खानेपानी लगायतका पूर्वाधार विकासका लागि रु. २ करोड ६० लाख बिनियोजन गरेको छु ।

नगरपालिका भित्रका सडकहरुको पुर्वाधार परीक्षण तथा ढल व्यवस्थापन यन्त्र खरिद र ल्याव स्थापना तथा ब्यवस्थापनका लागि रु.२० लाख बजेट विनियोजन गरेको छु ।

गैरागाउ बाट ध्रुवघाट जाने बाटो स्तरोन्नतीको लागि रु. ४० लाख र टकसार टोलको बाटो ढुंगा छाप्ने कार्यको लागि रु. २५ लाख विनियोजन गरेको छु ।

स्थानीय पूर्वाधार बिकास कार्यक्रमको संघीय सरकारसँग साझेदारी सम्पन्न हुनेगरी रु.५ करोड ३४ लाख बजेट बिनियोजन गरेको छु ।

नगरपालिकाको भवनमा लिफ्ट जडानको लागि रु.४० लाख बजेट बिनियोजन गरेको छु ।

**समग्र भौतिक पुर्वाधार तर्फ कुल रु.६९ करोड ७१ लाख ५ हजार विनियोजन गरेको छु ।**

**ङ. वन वातावरण सरसफाई तथा विपद् व्यवस्थापनः**

वन वातावरण सरसफाई तथा विपद् व्यवस्थापन तर्फ फोहरमैला तथा ल्याण्डफिल्ड साइट व्यवस्थापनको लागि रु.२ करोड २ लाख बजेट विनियोजन गरेको छु ।

भूमि वर्गीकरणको कार्यक्रमलाई पूर्णता दिइनेछ साथै भूमिहीन दलित/सुकुम्बासी र अब्यवस्थित बसोवासीलाई जग्गा प्रदान गर्ने कार्यलाई सहजीकरण गर्न रु. १५ लाख बजेट बिनियोजन गरेको छु । योजना तथा कार्यक्रम प्रस्ताव गरिएको छ ।विपद् व्यवस्थापनको लागि रु. ५१ लाख बिनियोजन गरेको छु ।

श्रीनगर सौन्दर्यीकरण को लागि रु. २० लाख र अव्यवस्थित तथा छाडा चौपाया व्यवस्थापन गर्न रुरु गौशाला व्यवस्थापनको लागि रु. १० लाख बजेट बिनियोजन गरेको छु ।

**समग्र वन वातारण सरसफाई तथा विपद् व्यवस्थापन क्षेत्रको लागि रु.३ करोड ४६ लाख ७५ हजार वजेट व्यवस्था गरेको छु ।**

**च .सुशासन तथा संस्थागत क्षमता विकास**

राजस्व अभिबृद्धि तथा नयाँ क्षेत्र पहिचान र विस्तार गरिनेछ । राजस्व अभिबृद्धि कार्यक्रम अन्तर्गत घरदैलो कार्यक्रम, नदीजन्य पदार्थको IEE/EIA कार्यक्रम को लागि रु. १५ लाख बजेट बिनियोजन गरेको छु ।

सार्वजनिक सुनुवाई, एकीकृत घुम्ती शिविर, सामाजिक परीक्षण, बजार अनुगमन जेसि अडिट लगायत कार्यक्रमको लागि रु.९ लाख ५० हजार बजेट बिनियोजन गरेको छु ।

जनगुनासो सम्बोधन गर्नको लागि जनताको घरदैलोमा मेयर कार्यक्रम अन्तर्गत रु. ५ लाख बिनियोजन गरेको छु ।

सार्वजनिक सेवा प्रवाहलाई चुस्त बनाउन र जेन-जी पुस्ताका सेवाग्राहीमैत्री सेवा प्रदान गर्नुका साथै सूचना प्रविधि कार्यक्रम र योजना व्यवस्थापनमा सफ्टवेयर प्रयोग गरी सेवा प्रवाहमा सुशासन कायम गर्नको लागि रु. १८ लाख बजेट बिनियोजन गरेको छु ।

न्यायीक समिति तथा मेलमिलाप केन्द्र व्यवस्थापन तथा सञ्चालनको लागि रु. १० लाख बजेट बिनियोजन गरेको छु ।

LISA, FRA, LED, कार्यसम्पादन सम्बन्धी अभिमुखिकरण कार्यक्रमलाई निरन्तरता दिएको छु

**समग्र संस्थागत क्षमता विकास तथा सेवा प्रावाहको क्षेत्रमा कुल १५ करोड ३३ लाख २१ हजार विनियोजन गरेको छु ।**

**सभाध्यक्ष ज्यू,**

उपरोक्त अनुसारका योजना तथा कार्यक्रम संचालनका लागि कुल रु.१ अरव ४६ करोड ५० लाख ९६ हजार ८०७ खर्च हुने गरि प्रस्ताव गरेको छु । समग्रमा आगामी आर्थिक वर्ष २०८२/८३ को लागि बित्तिय व्यवस्था तर्फ ८५ लाख समेत गरी चालु खर्च तर्फ रकम रु.६२ करोड ०७ लाख ३५ हजार (४२.३७%) र पूँजिगत खर्च तर्फ रकम रु.८४ करोड ४३ लाख ६१ हजार (५७.६३%) रहेको छ ।

**सभाध्यक्ष ज्यू,**

आन्तरिक राजस्व बृद्धि गर्न सकेमा नगरपालिकाको आफ्नो आत्मनिर्भरता बढ्दै जाने र क्षमता विकास हुँदै जाने देखिएतापनि कर राजस्वको दर वृद्धि ले नगरवासीमा असर पर्ने हुँदा सम्पत्ति कर, सिफारिस दस्तुर लगायतका करका दरहरु यथावत कायम राखी पेश गरेको छु ।आन्तरिक राजस्व सुदृढीकरणको लागि राजस्व सुधार योजना अनुरुप आयको बृद्धि गर्ने गरी राजश्व सम्बन्धी कानून, राजस्व प्रणाली र राजस्व प्रशासनमा सुधार गर्दै लागिने छ । व्यवसाय कर, सम्पत्ति कर, बहाल कर आदि जस्ता करका महत्वपूर्ण श्रोतहरुको उपयोगको लागि अध्ययन गरी वैज्ञानिक विधि अपनाइने छ ।

आगामी आर्थिक वर्षको लागि विनियोजन गरिएका योजना तथा कार्यक्रमको खर्च व्यहोर्ने आय श्रोत मध्ये संघ सरकारबाट समानीकरण अनुदान तर्फ रु.१५ करोड ३८ लाख, समपुरक अनुदान तर्फ रु.१ करोड ८५ लाख, सशर्त अनुदान चालु तर्फ रु.३९ करोड ९१ लाख, पुजीगत तर्फ रु.३४ करोड ९५ लाख, विशेष अनुदान २ करोड ०२ लाख र राजश्व बाँडफाँड तर्फ १० करोड ८८ लाख ८१ हजार बजेट प्राप्त भएको छ । त्यसै गरि प्रदेश सरकारबाट समानीकरण अनुदान रु.१ करोड ०८ लाख १५ हजार, सशर्त अनुदान रु.१ करोड ५५ लाख ०८ हजार, , समपुरक अनुदान १ करोड २० लाख, राजस्व बाँडफाडबाट रु. १ करोड ३० लाख ३८ हजार प्राप्त प्राप्त भएको छ । यसैगरी आन्तरिक आय तर्फ आन्तरिक राजश्व १७ करोड १४ लाख ८५ हजार अनुमान गरिएको छ । भारतीय दूतावास २ करोड ४९ लाख, युनोप्स १ करोड ४८ लाख ५० हजार , नगर विकास कोष ८ करोड १२ लाख ८१ हजार , प्रदेश स्थानीय सहयोग कार्यक्रम ४ लाख ३६ हजार, जनसहभागिता तर्फ रु.१ करोड, नवप्रवर्द्धन साझेदारी कार्यक्रम तर्फ १ करोड ०८ लाख आगामी आर्थिक बर्षको लागि सरिजाने मौज्दात ५ करोड अनुमान गरि पेश गरेको छु । **यसरी नगरपालिकाको आगामी आर्थिक बर्षको लागि कुल आय रु.१ अरब ४६ करोड ५० लाख ९६ हजार ८०७ हुने अनुमान गरि पेश गरेको छु।**

**अन्त्यमा,**

आर्थिक वर्ष २०८२/०८३ को आर्थिक ऐन र विनियोजन ऐन तयार गर्न आ—आफ्नो ठाउँबाट राय सुझाव दिई सहयोग गर्नुहुने आम नगरवासी, राजनैतिक दलका नेतृत्वगणहरु, नगर प्रमुखज्यू, लगायत सम्पूर्ण सभा सदस्यज्यूहरु, बुद्धिजीवी वर्ग, निजी क्षेत्र, राष्ट्रसेवक कर्मचारी, संचारकर्मी लगायत सबैमा आभार तथा धन्यवाद व्यक्त गर्न चाहन्छु। बजेट कार्यान्वयनमा पनि सम्पूर्ण पक्षबाट महत्वपूर्ण र सकारात्मक सहयोग मिल्ने विश्वास लिएको छु। धन्यवाद।

प्रतीक्षा सिंजाली
उप प्रमुख
२०८२ असार १० गते